कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

खलङ्गा, सल्यान

☎ ०८८-५२०१३०

प.सं. २०७९/८०
च.नं.

प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/११/२५

**विषयः कार्यक्रममा सहभागिताका लागि सूचिकृत हुने सम्बन्धि सूचना ।**

आर्थिक वर्ष २०७९/८० को स्विकृत वार्षिक कार्यक्रम बमोजिम तपसिलका क्रियाकलाप संचालन गर्नु पर्ने भएकाले इच्छुक कृषक/ उद्यमी कृषक/ कृषक समूह/ कृषि सहकारी संस्थाहरुबाट कार्यक्रममा सहभागिताका लागि निर्दिष्ट ढाँचा सहितको आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०७९/१२/२४ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित खामबन्दी आवेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको Website: www.adosalyan.gov.np हेर्न वा कार्यालयको टेलिफोन नं. ०८८५२०१३० मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

| क्र. सं. | आयोजना/कार्यक्रमको नाम, ठेगाना/लक्षित क्षेत्र | इकाई | परिमाण | बजेट रु. | क्रियाकलाप तथा अनुदान % | कैफियत (लक्षित बर्ग) |
|---|---|---|---|---|---|---|
| १ | बर्षे फलफूल खेती प्रवर्द्धन (क्षेत्र बिस्तार/ घेरबार/ सिचाई) | हेक्टर | १२० | १५ लाख | १. एक रोपनी भन्दा ठुलो बगैंचा (सघन) खेतीमा ८५%,<br>२. एक रोपनी भन्दा ठुलो बगैंचा (साधारण) खेतीमा, औजार उपकरण (सिकेचर, आरी, पावर स्पेयर, फुड स्पेयर आदि), आदिमा ५०% | ब्यवसायिक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी |
| २ | धानबाली प्रबर्द्धन कार्यक्रम | पटक | १ | ५० लाख | धानको मुल, उन्नत तथा हाईब्रिड बीउ (पहाडि क्षेत्रको लागि सूचिकृत भएको जात), र कृषि मेशिनरी तथा उपकरण खरिदमा (मिनिटिलर, हिल्याउने चक्का, पानि तान्ने पम्प, धान काटने रिपर, थ्रेसर आदि) ५०% | कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी |

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरिएको निवेदन ।
२. सम्बन्धित वडा वा कृषि शाखाको सिफारिस पत्र ।
३. संस्थाको हकमा सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, स्थायी लेखा नं., करचुक्ताको प्रतिलिपि ।
४. कार्यालयले तोकिएको ढाँचामा भरिएको आवेदन तथा प्रस्तावना ।
५. माग गरिएको कार्यक्रममा कुनै पनि कार्यालयबाट यस आ.व. मा अनुदान नलिएको वा नलिने बारेको स्वघोषणा पत्र ।
६. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।
७. प्रतिबद्धता पत्र ।
८. जग्गा भाडामा लिएको अवस्थामा जग्गा धनी र कृषक बीचको करारनामा (धानबालीको हकमा ५ बर्ष र फलफूलको हकमा कम्तीमा २० बर्ष) र जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।
९. समूह/सहकारी संस्थाबाट प्रतिनिधिहरु तोकिएको, कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि तथा र नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

पुनश्चः बर्षे फलफूल प्रवर्द्धन कार्यक्रम कर्णाली प्रदेश सरकारबाट भूमि ब्यवस्था, कृषि तथा सहकारी कार्यक्रम (संचालन तथा ब्यवस्थापन) स्विकृत कार्यविधि तथा मापदण्ड २०७९ अनुसार र धानबाली प्रवर्द्धन कार्यक्रम नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरीत कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७९ अनुसार कार्यान्वयन हुनेछन ।

भरत बहादुर बस्नेत
(निमित्त प्रमुख)